लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राप्ती उपत्यका देउखुरी (दाङ), भालुवाङ

फोन नं. ०८२-५९४३५
ईमेल:hd@lumbini.gov.np
वेबसाईट: www.hd.lumbini.gov.np

पत्र संख्या : ०८१/८२
सूचना नं २

मिति: २०८१/१०/०७

विषयः-सेवा करार सम्बन्धि सूचना ।

यस निर्देशनालयको आ.व. ०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विद्यालय नर्स कार्यक्रम संचालन तथा निरन्तरता, प्रादेशिक प्रेषण केन्द्र लुम्बिनी प्रदेशका लागि हेल्थ असिस्टेन्ट र एलएमआईएस, एचएमआईएस र डिआएचएस लगाएत सूचना व्यवस्थापनका लागि तथ्याङ्क व्यवस्थापक कर्मचारी सेवा करारका लागि तपसिल बमोजिमका जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित राजस्व तिरेको सक्कल भौचर सहित प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशको फारामको ढाँचामा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| सि.नं | विज्ञापन नं | पद | तह | कार्यक्षेत्र | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १४/०८१/८२ | विद्यालय नर्स | सहायक पाँचौ | सिदार्थनगर नगरपालिका रुपन्देही अन्तर्गतको विद्यालय | १ जना |
| २ | १५/०८१/८२ | विद्यालय नर्स | सहायक पाँचौ | रामपुर नगरपालिका अन्तर्गतको विद्यालय | १ जना |
| ३ | १६/०८१/८२ | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | प्रदेश प्रेषण केन्द्र, लुम्बिनी प्रदेश | १ जना |
| ४ | १७/०८१/८२ | तथ्याङ्क व्यवस्थापक | अधिकृत सातौं | स्वास्थ्य निर्देशनालय | १ जना |

१. **शैक्षिक योग्यता र अनुभव:**

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:-**

क. स्टाफ नर्सः मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उतीर्ण गरी नेपाल नर्सिङ परिषदको दर्ता/ नविकरण प्रमाण पत्र प्राप्त गरेको।

ख. हेल्थ असिस्टेन्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रविणता प्रमाणपत्र तह उतीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदको दर्ता/नविकरण प्रमाण पत्र प्राप्त गरेको ।

ग. तथ्याङ्क व्यवस्थापक : मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक वा गणित वा तथ्याङ्कशास्त्र विषयमा स्नात्तकोतर गरी स्वास्थ्य सूचना प्रणालीमा कम्तीमा २ वर्षको अनुभव प्राप्त गरेको ।

२. **उमेरः** १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको

३. प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

४. **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपिहरुको पछाडी पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारमको ढाँचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो सहित पेश गर्नु

निर्देशक

CamScanner

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राप्ती उपत्यका देउखुरी (दाङ), भालुवाङ

फोन नं. ०८२-५९४३५
ईमेल:hd@lumbini.gov.np
वेबसाईट: www.hd.lumbini.gov.np

पत्र संख्या : ०८१/८२
सूचना नं २

मिति: २०८१/१०/०७

पर्ने छ । अनुभवको हकमा अनुमति प्राप्त संस्थाबाट प्रदान गरिएको नियुक्ति पत्र, करार सम्झौता, कामको कार्य विवरण र अवकाश पत्र/करार अन्त्यको प्रमाणित प्रतिलिपिहरु अनिवार्य पेश गर्नु पर्ने छ।

५. **सेवाको किसिम :** कार्यक्रम करार।

६. **छनौटको आधार र प्रक्रिया :** संक्षिप्त सूचि र अन्तर्वार्ता (संक्षिप्त सुचिमा परेकालाई अन्तर्वार्ताको लागि छनौट गरिनेछ) ।

७. **दरखास्त बुझाउने स्थान:** स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका भालुवाङ्ग, दाङ ।

८. **दरखास्त दिने अन्तिम मिती:**-सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र, दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछी कार्यालय खुलेको दिनको कार्यालय समय भित्र बुझाउन सकिने छ।

९. **परीक्षा दस्तुर :** यस स्वास्थ्य निर्देशनालयमा (कार्यालय कोड नं ३७००१५६०५५) राजश्व शिर्षक नं १४२२४ मा स्टाफ नर्स र हेल्थ असिस्टेन्टका लागि रु.१०००/-(एक हजार) र तथ्याङ्क व्यवस्थापकका लागि रु.१२००/- (एक हजार दुई सय) रुपैयाँ नेपाल बैंक लिं सिसहनियामा जम्मा गरेको सक्कल भौचर साथ फाराम पेश गर्नु पर्ने छ ।

१०. तलव भत्ता तथा अन्य सुविधा: सम्झौता अनुसार

११. अन्तरवार्ताको सुचना:- संक्षिप्त सूचीमा परेका सहभागीहरुको नामावली प्रकाशन तथा अन्तरवार्ताको सूचना निर्देशनालयको वेभसाइट: hd.lumbini.gov.npमा प्रकाशित गरिनेछ । विस्तृत जानकारीका लागि स्वास्थ्य निर्देशनालयको फोन नं सम्पर्क ०८२-५९४३५ वा वेभसाइट: hd.lumbini.gov.np मा हेर्न सकिन्छ ।

१२. रितपूर्वक पेश हुन नआएको निवेदन उपर कुनै कार्वाहि हुने छैन ।

**बोधार्थ:**

श्री स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका देउखुरी नेपाल ।

श्री स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु काठमाण्डौ ।

.....................................

डा विनोद कुमार गिरी

निर्देशक